(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम)

सार्वजनिक गरिएको डिभिजन वन कार्यालय रूकुम (पूर्वी भाग) सम्बन्धित सुचनाहरु

# स्वतः प्रकाशन (Proactive Disclosure)

## (आ.व. २०८२/०८३, पहिलो त्रैमासिक)

लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

**डिभिजन वन कार्यालय रूकुम (पूर्वी भाग)**

# १. जिल्लाको संक्षिप्त परिचय

## १.१ जिल्लाको ऐतिहासिक पृष्ठभूमी

लुम्बिनी प्रदेशको सन्दर्भमा उत्तरतर्फ अवस्थित प्रदेशको एकमात्र हिमाली जिल्लाको रुपमा रहेको छ । ५२ पोखरी ५३ टाकुरीको जिल्लाको रूपमा चिनिएको साविकको रूकुम जिल्ला नेपालको राज्य पुनर्संरचनाका क्रममा २०७४ सालमा रूकुम (पश्चिम) र रूकुम (पूर्व) गरी दुई जिल्लामा विभाजन हुने पुगेको हो । रूकुम (पश्चिम) कर्णाली प्रदेश अन्तर्गत रह्यो भने रूकुम (पूर्व) जिल्ला लुम्बिनी प्रदेश अन्तर्गत रह्यो । यस जिल्लाको धरातलीय स्वरूप हेर्दा समुद्री सतहबाट न्यूनतम ९४३ मिटर देखी अधिकतम ७,२४६ मिटर उचाई सम्म फैलिएको छ । यस जिल्लाको अस्थायी सदरमुकाम रूकुमकोट समुद्री सतहबाट औषत १५५० मिटरको उचाईमा रहेको छ । प्राकृतिक स्रोत साधन विशेष गरी उच्च मूल्यका जडिबुटी र पर्यापर्टनको प्रचुर संभावना बोकेको यो जिल्ला यहाँको खाम मगर भाषा, भेष भूषा, कला संस्कृती तथा चार्डवार्डका हिसाबले पनि अत्यन्त धनी रहेको छ । यस जिल्लाको उत्तरी सिमानामा रहेको धौलागिरी हिम श्रृखंला यस जिल्लाको सिरानको रूपमा रहेको छ जस्मा पुथा हिमाल र सिस्ने हिमाल जस्ता हिमालहरू रहेका छन । पुथा एक हिमाल यस जिल्ला अन्तर्गत पर्ने सबै अग्लो हिमालको रूपमा रहेको छ जस्को उचाई ७२४६ मिटर रहेको छ । यस जिल्लामा तीन वटा स्थानीय तहहरू रहेका छनः सिस्ने गाउँपालिका, भूमे गाँउपालिका र पुथा उत्तरगंगा गाँउपालिका । यस जिल्लाको केही भाग ढोरपाटन शिकार आरक्षले समेत ओगटेको छ ।

यस रुकुम (पूर्व) जिल्ला ऐतिहासिक रुपमा बहादुर शाहको नायबी र रन बहादुर शाहको शासनकालमा तत्कालिन बाहिरी राज्यहरु मध्येको रुकुमकोट नेपाल राज्यमा गाभिएको पाइन्छ । रुकुमकोटमा रहेको कमल तलाउको किनारामा स्वर्गीय नाम गरेको देवीको मन्दिर छ । उनको नामबाट रुकुमकोट नामाकरण भएको र त्यस शब्दको अपभ्रंश भई रुकुम नाम रहन गएको हो भन्ने जनश्रुति पाइन्छ । वि.स. २०१८ सालमा देशलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिएकोदेखि रुकुम जिल्लाको रुपमा यस जिल्लाले मान्यता पाएको हो । त्यसभन्दा तत्कालिन रुकुम जिल्लाको सदरमुकाम रुकुमकोटमा थियो । वि.स. २०३० सालमा साविक रुकुम जिल्लाको सदरमुकाम जुनी बजारमा सारिए पछि हाल यसलाई मुसिकोट खलंगामा भनिन्छ जुन अहिले रुकुम (पश्चिम) जिल्लाको सदरमुकाम हो भने रुकुम (पूर्व) जिल्लाको सदरमुकाम हाललाई रुकुमकोटमा रहेको छ । विभिन्न ठाउँमा रहेका साना ठूला पोखरा झरनाहरु स-साना खाल्डाखुल्डी र भूकम्प तथा बर्खाले प्रशस्त क्षति भएका साविक रुकुम जिल्लालाई वि.स. २०७३ को टुक्रिएको जिल्ला पनि भन्छन् । यी पोखरा, ताप्लोथली लगायत स्थानहरु तथा टाकुरेहरु मध्ये अतिविपरीत पोखरी, खोलामा किरारमा रहेका तापातापिको क्षेत्रहरु र टाकुराहरु हालको रुकुम (पूर्व) जिल्लामा पर्दछन् ।

नेपाल एकीकरणको बेलामा देशको अधिकांश बन तत्कालिन राज्य सत्तासँग सम्बन्ध रहेका व्यक्तिहरुको नाममा निजी रुपमा रहेको भन्दछन् विभिन्न तथ्याङ्क तथा भनाईहरुबाट देखिन्छ । त्यसको फलस्वरुप विभिन्न ठाउँहरुका बन जन्यजन्तु व्यक्ति विशेषको बाली भा पखाली बन विनाश हुन पुगि दुई दिन प्रतितन वन जन्यजन्तु द्वारा आइ

दैनिक आवश्यकताका पूर्तिका लागि आजको अवस्थामा तत्कालिन सरकारले वि.स. २०१३ सालमा बन जंगल राष्ट्रियकरण ऐन लागू गरी तालुकदार मुखिया र जिम्मावालहरुले निजी भोगचलनमा रहेको सम्पूर्ण बन जंगल राष्ट्रियकरण गरिएको थियो । यसरी बन जंगललाई राष्ट्रियकरण गर्दा तालुकदार, मुखिया र जिम्मावालहरुले बन जंगल आफूखुसी गर्नबाट बञ्चित भए तर जनतामा बन जंगल जुनै सरकारको सम्पत्ति हो भन्ने भावना छैन भन्ने अधिकार छैन भन्ने भावनाबाट बन जंगलको भरत लिने रुपमा विनाश हुन थालेको । बन विनाशको यो क्रमलाई रोक्नेको साथै बन जंगलको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्नको लागि तत्कालिन सरकारद्वारा बन ऐन २०१८ लागू गरियो ।

वि.स. २०७४ साल देखि यस जिल्लामा जिल्ला बन कार्यालयको स्थापना नमुना गरिएको हाल बन डिभिजन अन्तर्गत मुसिकोट इलाका बन कार्यालय तथा याहाँको बन जन्य संरचना महान् रहेको । पछी, वि.स. २०४० सालमा नयाँ संरचना बमोजिम यस जिल्लामा रुकुम जिल्ला वन कार्यालयको स्थापना भयो र सोही बमोजिम वन जङ्गलको संरक्षण, सम्बर्द्धन र विकास कार्यहरू भई रहेको थियो । नेपालको संविधान २०७२ अनुसार राज्यको पुन:संरचनाको क्रममा प्रदेश सरकार अन्तर्गत डिभिजन वन कार्यालय रुकुम (पूर्व) को रूपमा स्थापना भई २०७५ कार्तिक देखि विधिवत रूपमा रुकुमकोटमा कार्यालय उद्घाटन भई वन जङ्गलको संरक्षण, सम्बर्द्धन र विकास कार्यहरू संचालन भई रहेको छ । हालको संघीय संरचना अनुसार रुकुम (पूर्व) जिल्ला अन्तर्गत सिस्ने गाउँपालिका, भूमे गाउँपालिका र पुथाउत्तरगंगा गाउँपालिका गरी जम्मा ३ वटा गाउँपालिका रहेका छन् भने सिस्ने गाउँपालिकाको कार्यक्षेत्र रहेको सिस्ने, भूमे गाउँपालिकाको कार्यक्षेत्र रहेको भूमे, पुथाउत्तरगंगा गा.पा को वडा नं ७-१४ कार्यक्षेत्र रहेको कोल र पुथाउत्तरगंगा गा.पा.को वडा नं. १-६ कार्यक्षेत्र रहेको हुकाम मेकोट सब—डिभिजन कार्यालयबाट वन कार्यालयबाट फिल्ड स्तरमा सेवा प्रवाह भई रहेको छ ।

## १.२ जिल्लाको राजनैतिक बिभाजन

यस जिल्लामा १ वटा संघिय निर्वाचन क्षेत्र र २ वटा प्रादेशिक निर्वाचन क्षेत्र रहेका छन । यस रूकुम (पूर्व) जिल्लामा ३ वटा स्थानीय तहहरू रहेका छन । ती स्थानीय तहहरूको बिवरण निम्न बमोजिम रहेको छ ।

## १.३ जिल्लाको सामाजिक तथा जानसांखिक बिवरण

**स्थानीय तहहरुको विवरण**

| जिल्ला | स्थानीय तह | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|
| रुकुम पूर्व | सिस्ने गाँउपालिका | ३२७.१ |
| | भुमे गाँउपालिका | २७३.७ |
| | पुथा उत्तरगंगा गाँउपालिका | ५६०.३ |
| | **जम्मा** | **११६१.१** |

श्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपालको राष्ट्रिय जनगणना २०७८ को अनुसार यस जिल्लामा १२,८८६ घरधुरी रहेका छन । जम्मा ५६,७८६ जनसंख्या रहेको यस जिल्लामा पुरूषको जनसंख्या २७,५१६ रहेको छ भने महिलाको जनसंख्या २९२७० रहेको





छ । यस जिल्लाको औषत परिवारको आकार ४.४१ र लैङ्गिक अनुपात ९४.०१ रहेको छ । यस जिल्लाको जनघनत्व ३४ जना प्रति वर्ग किलोमिटर रहेको छ ।

| ख) स्थानीय तह अनुसार जिल्लाको जनसांख्यिक बनोट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | स्थानिय तह | कूल क्षेत्रफल (वर्ग कि.मि.) | घरधुरी | जनसंख्या | जनघनत्व | साक्षरता दर | लैङ्गिक अनुपात | कैफियत |
| १ | सिस्ने गा.पा. | ३२७.१ | ४२९९ | १८५३४ | ५७ | ७५.६ | ९४.६८ | |
| २ | भूमे गा.पा. | २७३.७ | ४२११ | १९८२९ | ७२ | ७०.६ | ९०.५ | |
| ३ | पुथा उत्तरगंगा गा.पा. | ५६०.३ | ४३६८ | १८३०८ | ३३ | ६७.७ | ९६.२५ | |
| **जम्मा/औषत** | | **११६१.१** | **१२८७८** | **५६६७१** | **५४.००** | **७१.३०** | **९३.८१** | |
| | | | | | | स्रोतः राष्ट्रिय जनगणना, २०७८ | | |

## १.४ जिल्लाको भौगोलिक अवस्थिति

जिल्लाको सिमानाः

पूर्वमाः बाग्लुङ्ग र म्याग्दी जिल्ला पश्चिममाः रूकुम पश्चिम जिल्ला

उत्तरमाः डोल्पा जिल्ला दक्षिणमाः रोल्पा जिल्ला

लुम्बिनी प्रदेश अन्तर्गत उत्तरी भागमा पर्ने रुकुम (पूर्व) जिल्ला नेपालको मानचित्रमा २८°२८' अक्षांश देखि २८°५१' उत्तर सम्म र ८३°३०' देशान्तर देखि ८३°५८' पूर्व सम्म फैलिएको छ । समुद्री सतहबाट ७५० मि. देखि ७३६६ मि. सम्मको उचाई र कुल क्षेत्रफल सम्म फैलिएको यस ११९२.७० वर्ग किलो मिटर ( ढोरपाटन शिकार आरक्षको क्षेत्रफल समेत) क्षेत्रफल ओगटेको यो जिल्ला प्राकृतिक हिसाबले खोंच, पहाड, लेक र हिमाल गरी चार भौगोलिक स्वरूपमा विभाजित छ । यो जिल्लाको सिमामा पूर्वबाट म्याग्दी र बागलुङ जिल्ला, पश्चिममा रुकुम पश्चिम, उत्तरमा डोल्पा र दक्षिणमा रोल्पासँग जोडिएको छ । यस जिल्लालाई नेपाल सरकारले हिमाली जिल्लाको रूपमा वर्गीकरण गरेको छ । ढोरपाटन शिकार आरक्षले ओगटेको क्षेत्रबाहेक यस जिल्लाले नेपालको कुल भू-भागको ०.७८ प्रतिशत भू—भाग ओगटेको छ ।

## १.५ जिल्लाको भू-उपयोगिता

यस रुकुम (पूर्व) जिल्लाको भू—उपयोग अन्तर्गत वन क्षेत्र, कृषि भूमि, भकारी क्षेत्र, वगर क्षेत्र तथा अन्य क्षेत्रहरू प्रमुख रुपमा रहेका छन् । नेपाल सरकार भूमि सुधार मन्त्रालय अन्तर्गत नापी विभागले तयार गरेको टोपोग्राफिक नक्सांकनको तथ्यांक अनुसार रुकुम (पूर्व) जिल्लाको भू—उपयोगको विस्तृत विवरण तल दिइएको छ ।

**भू-उपयोगको अवस्था :-**





| जिल्लाको स्थानीय तह अनुसार भू-उपयोग | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानीय तह अनुसार क्षेत्रफल (हे.) | | | | |
| क्र.सं. | भू-उपयोग | भूमे गा.पा. | पुथा उत्तरगंगा गा.पा. | सिस्ने गा.पा. | कूल क्षेत्रफल (हे.) | प्रतिशत |
| १ | कृषियोग्य जमिन | ७२३४.७६ | ७०३६.२४ | ६०६७.८० | २०३३८.८० | १७.५ |
| २ | घाँसे मैदान | ११३८.८१ | १७५७२.२८ | ५८१२.५९ | २४५२३.६७ | २१.१ |
| ३ | जलाधार क्षेत्र | ३८.८३ | १३९.६७ | १६८.०० | ३४६.५० | ०.३ |
| ४ | बाँझो जमिन | १.९२ | १०४०.१२ | १७२४.७९ | २७६६.८३ | २.४ |
| ५ | बुट्यान क्षेत्र | ११९०.५० | ३२५५.८२ | १२०१.९४ | ५६४८.२६ | ४.९ |
| ६ | वन जंगल क्षेत्र | १७७३०.५० | २६७८६.४८ | १५३५०.७४ | ५९८६७.७१ | ५१.६ |
| ७ | हिउँले ढाकेको क्षेत्र | - | १६०.९२ | २३४४.९१ | २५०५.८३ | २.२ |
| **जम्मा** | | **२७३३५.३२** | **५५९९१.५३** | **३२६७०.७७** | **११५९९७.६०** | **१००** |
| ८ | ढोरपाटन क्षेत्र | - | - | - | ५२२३०.५६ | ३१ |
| **कूल जम्मा** | | **२७३३५.३२** | **५५९९१.५३** | **३२६७०.७७** | **१६८२२८.१६** | |

*स्रोतः ICIMOD, 2010*

## १.६ वनको किसिमस र अवस्था

भौगोलिक तथा हावापानीको विविधताले गर्दा यहाँ विभिन्न किसिमका वन वनस्पति र वन्यजन्तुहरू पाइन्छन् । रुकुम (पूर्व) जिल्लाको वनका किसिमहरू निम्न बमोजिम रहेका छन् ।

रुकुम (पूर्व) जिल्लाको वनका किसिमहरू

### क) भौगोलिक अवस्थाको आधारमा

रुकुम (पूर्व) जिल्लाको वन क्षेत्रलाई उक्त क्षेत्रको हावापानी तथा भौगोलिक प्रकृतिक आधारमा विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । विशेष गरी समुन्द्र सतहदेखि उच्चाई, विरावटपन, मोहोडा, माटो तथा वर्षाको लयागतको सूक्ष्म हावापानीको कारणले गर्दा समय वनस्पतिको प्रजातिहरूमा विविधता आउने गर्दछ । यस जिल्लाको वनलाई डोब्रेभ र शायख (१९७५) का अनुसार निम्न बमोजिमका प्रकारहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### क.१ उपोष्ण चौडापाते वन (Sub-Tropical Broad Leaved Forest)

यस किसिमको वन समुद्र सतहबाट १०००—२००० मि. सम्म खोल्सीको छेउछाउ तथा औंसिलो भागमा पनि पाइन्छ । यसमा टुनी, उत्तिस, जामुन, साज लगायतका प्रजातिहरू पाइन्छन् ।

### क.२ उपोष्ण सल्ला वन (Sub-Tropical Pine Forest)

यस किसिमको वन समुद्र सतहबाट १०००—२२०० मि. सम्मको उत्तरी तथा दक्षिणी मोहोडामा पाइन्छ । यस किसिमको वनमा घोटो सल्लाको बाहुल्यता पाइन्छ । घोटो सल्लाको वनमा कुनै पनि अन्य प्रजातिहरूको उपस्थिति नभएको भएता पनि यस प्रकारको वन वरपर मौवा, जामुन लगायतका रुच प्रजाति तथा अन्य बुट्यान प्रजातिहरूको उपस्थिति रहेको पाइन्छ ।

**क.३ तल्लो समशीतोष्ण वन (Lower Temperate Forest)**

यस अन्तर्गत तल्लो समशीतोष्ण चौडापाते वन (Lower temperate broad leaved Forest) र तल्लो समशीतोष्ण मिश्रित वन (Lower temperate mixed broad-leaved Forest) पर्छन् ।

तल्लो समशीतोष्ण चौडापाते वन समुद्र सतहबाट १५०० मि. देखि २१०० मि. सम्मको उचाईसम्म उत्तरी मोहोडामा पाइन्छ । यी वनहरूमा मुख्य गरी काफल, बाँकेको प्रजातिहरू, अँगेर आदि प्रजातिहरू पाइन्छन् । तल्लो समशीतोष्ण मिश्रित चौडापाते वन समुद्र सतहबाट १५००—२२०० मि. सम्मको उचाईमा पाइन्छ । यी वनहरूमा मुख्य गरी उत्तिस, तेजपात आदि प्रजातिहरू पाइन्छन् ।

**क.४ माथिल्लो समशीतोष्ण वन (Upper Temperate Forest)**

यस अन्तर्गत माथिल्लो समशीतोष्ण चौडापाते वन (Upper temperate broad leaved Forest) र माथिल्लो समशीतोष्ण मिश्रित वन (Upper temperate mixed broad-leaved Forest) पर्छन् ।

माथिल्लो समशीतोष्ण चौडापाते वन समुद्र सतहबाट २२००—३००० मि. सम्मको उचाईमा उत्तरी मोहोडामा पाइन्छ । यी वनहरूमा मुख्य गरी खस्रो आदि प्रजातिहरू पाइन्छ ।

माथिल्लो समशीतोष्ण मिश्रित चौडापाते वन समुद्र सतहबाट २५००—३५०० मि. सम्मको उचाईमा पाइन्छ । यी वनहरूमा मुख्य गरी गुंग्रास, ओखर, पाङ्गर आदि प्रजातिहरू पाइन्छ ।

क.५ समशीतोष्ण कोणधारी वन (Temperate Conifer Forest)

यस वनमा विभिन्न कोणधारी प्रजातिहरू जस्तैः

- धूपी सल्ला (Juniperus Spps.), गोब्रे सल्ला (Pinus wallichiana), देवदार (Cedrus Deodora), चिउरे सल्ला (*Tsuga dumosa*), बिन्जुरे सल्ला (*Abies pindrow*), पाइन्छन्।

यस किसिमको वन समुद्र सतहबाट २५००—३५०० मि. सम्मको उत्तरी पश्चिम मोहोडामा पाइन्छ।

**क.६ सब - अल्पाइन वन (Sub - Alpine Forest)**

यस किसिमको वन समुद्र सतहबाट ३०००—४२०० मि. सम्मको उचाईमा पाइन्छ । रुकुम (पूर्व) जिल्लाको माथिल्लो भागमा अवस्थित यस प्रकारको वनमाः

- तालिस पत्र (Abies spectabilis), भोजपत्र (Betula utilis), लालीगुराँस (Rhododendron spps.) प्रजातिहरू पाइन्छन् ।

**क.७ अल्पाइन वन (Alpine Scrub)**

यस किसिमको वन समुद्रबाट ४२०० मि. भन्दा माथिको उचाईमा रहेको तथा भुईंझुक, डोलेजुक जस्ता झार प्रजातिहरूको उपस्थिति रहेको छ ।

माथि उल्लेखित प्रकारका वनको क्षेत्रफल तथा पाइने मुख्य प्रजातिहरू निम्न बमोजिमको तालिकामा देखाइएको छ।

| क्र.सं. | वनको प्रकार | समुद्री सतहदेखी उचाई (मि.) | मूख्य प्रजाती | कैफियत |
|---|---|---|---|---|
| १ | उष्ण वन | १००० मि. भन्दा कम | साल, सिसौं | |
| २ | उपोष्ण चौडापाते वन | १०००-२००० | उत्तिस, टुनी, दल्लो | |
| ३ | उपोष्ण खोटेसल्लाको वन | १०००-२२०० | खोटेसल्लो | |
| ४ | तल्लो समसितोष्ण चौडापाते वन | १७००-२२०० | बाँझ, अंगेर, काफल, तेजपात | |
| ५ | माथिल्लो समसितोष्ण चौडापाते वन | २२००-३००० | गुंरास, पागर, ओखर, खस्रु | |
| ६ | समसितोष्ण कोणधारी वन | २०००-३००० | धुपी,गोब्रेसल्लो, देवदार, ठिङ्ग्रे सल्लो, चिङ्गुरे सल्लो | |
| ७ | सब अल्पाईन वन | ३०००-४१०० | तालिसपत्र, भोजपत्र | |
| ८ | अल्पाईन वन | ४१००-५००० | भुईचुक, डालेचुक | |
| ९ | स्थायी हिउँक्षेत्र | ५००० मि. भन्दा बढी | | |
| | जम्मा | | | |

*स्रोतः डि.व.का. रूकुम (पूर्वी भाग) को पञ्चपर्षिय योजना, २०७४*

### (ख) वनको भू-स्वामित्व र व्यवस्थापनको पद्धतिको आधारमा

वन ऐन, २०७६ ले संरक्षित क्षेत्र बाहिर रहेका वनलाई भू-स्वामित्वको आधारमा राष्ट्रिय वन र निजी वन गरी दुई प्रमुख भागमा विभाजन गरेको छ । साथै व्यवस्थापकीय र जिम्मेवारीको आधारमा राष्ट्रिय वनलाई पुनः सरकारद्धारा ब्यवस्थित वन, चक्ला वन, साझेदारी वन, संरक्षित वन, सामुदायिक वन, कबुलियती वन र धार्मिक वन गरी ७ प्रकारमा रहेका छन् । जस अन्तर्गत यस जिल्लामा रहेका वनका प्रकारहरू निम्न बमोजिम रहेका छन

| क) वनको प्रकार र क्षेत्रफल | | | | |
|---|---|---|---|---|
| सि.नं | वनको प्रकार | संख्या | वन क्षेत्रफल (हे.) | कैफियत |
| १ | राष्ट्रिय वनक्षेत्र | | | |
| 1.1 | सरकारद्वारा ब्यवस्थित वन | 1 | ४८१३५.०१ | |
| 1.2 | सामुदायिक वन उपभोक्ता समूह | 157 | १७३१८.१२ | |
| 1.3 | कबुलियती वन उपभोक्ता समूह | 21 | ६२.८४ | |
| जम्मा | | | ६५५१५.९७ | |
| ३ | ढोरपाटन शिकार आरक्ष | १ | ५२२३०.५६ | |
| स्रोतः ICIMOD, 2010 | | | | |

## ख.१ राष्ट्रिय वन

वन ऐन २०७६ बमोजिम राष्ट्रिय वन भन्नाले निजी वन बाहेको वनक्षेत्रलाई जनाउँदछ । यस अन्तर्गत सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, चक्ला वन, धार्मिक वन र कबुलियत वन पर्दछन । यस जिल्लामा साझेदारी वन, चक्ला वन र धार्मिक वन छैनन । डिभिजन वन कार्यालय रूकुम (पूर्वी भाग) को पञ्चवर्षिय योजना, २०७४ बमोजिय यस जिल्लाको कूल वनक्षेत्र ५६४२३ रहेको छ ।

### ख.१.१ सरकारद्वारा व्यवस्थित वन

वन ऐन २०७६ मा व्यवस्था बमोजिम सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनको लागि विभागले तोकिएको बमोजिम तयार भएको स्वीकृत कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्नु पर्ने हुन्छ । सोको कार्यान्वयन गर्ने, कार्य योजनाले निर्देशित गरेको कार्य तथा वन विकास कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न नपाउने, सो वनको वन पैदावारमा नेपाल सरकारको स्वामित्व रहने, सरकारद्वारा व्यवस्थित वनको वन पैदावार उपयोग गर्न, हटाउन, वन पैदावार बिक्री वितरण गर्न, निलामी गर्न वा ओसारपसार गर्न तोकिएको अधिकारीले तोकिए बमोजिम इजाजत दिन सकिने व्यवस्था छ । डिभिजन वन कार्यालय रूकुम (पूर्वी भाग) को आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन अनुसार यस जिल्लामा कूल ३९०४२.०४ हेक्टर वनक्षेत्र सरकारद्धारा व्यवस्थित वनक्षेत्रको रूपमा रहेको छ ।

### ख.१.२ सामुदायिक वन

यस रुकुम (पूर्व) जिल्लामा विभिन्न स्थानीय तह अनुसारको सामुदायिक वनको संख्या तलका तालिकाहरूमा देखाइएको छ।

| स्थानीय तह अनुसार सामुदायिक वनको बिवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | स्थानीय तह | सामुदायिक वन संख्या | क्षेत्रफल (हे.) | घरधुरी संख्या | जनसंख्या | कैफयत |
| १ | सिस्ने गा.पा | ६५ | ५००२.२ | ६२०७ | ३२७७४ | |
| २ | भूमे गा.पा. | ५९ | ७८२३.०३ | ६४४९ | ३५७५४ | |
| ३ | पुथा उत्तरगंगा गा.पा. | ३३ | ४५८२.६८ | ३९११ | २१५७० | |
| **जम्मा** | | **१५७** | **१७४०८** | **१६५६७** | **९००९८** | |

### ख.१.३ कबुलियती वन

डिबिजन  वन कार्यालय रूकुम (पूर्वी भाग) को आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन अनुसार यस जिल्लामा जम्मा २१ वटा कबुलियती वन रहेका छन जस्को कूल क्षेत्रफल ६५.८८ हे. रहेको छ । यस वनमा २४१ घरधुरी र १३०६ जना जनसंख्या आवद्ध रहेका छन । स्थानीय तह अनुसार कबुलियती वनको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| स्थानीय तह अनुसार कबुलियती वनको बिवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | स्थानीय तह | कबुलियती वन संख्या | क्षेत्रफल (हे.) | घरधुरी संख्या | जनसंख्या |
| १ | सिस्ने गा.पा. | ९ | ३९.३६ | १०८ | ५६० |
| २ | भूमे गा.पा. | १० | २२.९ | ११२ | ६०९ |
| ३ | पुथा उत्तरगंगा गा.पा. | २ | ३.६२ | २१ | १३७ |
| जम्मा | | २१ | ६५.८८ | २४१ | १३०६ |

### ख.२ निजी वन

यस रूकुम (पूर्व) जिल्लामा १० वटा दर्तावाल निजी वन रहेका छन जस्को कूल क्षेत्रफल ४.२८ हेक्टर रहेको छ । यसको बृस्तित विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| रुकुम (पूर्व) जिल्लाको निजी वन सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं | निजि वन धनिको नाम | जिल्ला | ठेगाना | | दर्ता मिति | क्षेत्रफल (वर्ग.मि) | कै. |
| | | | न.पा/गा.पा | वडा नं | | | |
| १ | बल बहादुर थापा | रुकुम पूर्व | सिस्ने | ५ | ८/२४/२०६१ | ४६४५ | |
| २ | ज्ञान बहादुर पुन | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | १२/७/२०६४ | २१३० | |
| ३ | कृष्ण बहादुर बुढा | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | १२/७/२०६४ | ७९१० | |
| ४ | कृष्ण बहादुर के.सी | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | २/२०/२०६५ | १७५० | |
| ५ | धन बहादुर पुनमगर | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | १२/७/२०६४ | ३०९० | |
| ६ | प्रसाद पुन | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | ९/१७/२०६८ | ३००५ | |
| ७ | मोहन सिं दमाई | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | ९/१७/२०६८ | २२४५ | |
| ८ | भागिदल पुन | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | ९/१७/२०६८ | २५०० | |
| ९ | कृष्ण बहादुर बुढा | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | ९/१७/२०६८ | २१५० | |
| १० | तारा ओली | रुकुम पूर्व | भुमे | ६ | १२/२५/२०७५ | १३३७५ | |
| | | **जम्मा** | | | | **४२८००** | |

*स्रोत :डि.व.का.रुकुम पूर्व २०७९*

## १.७ वन्यजन्तु तथा वनस्पती प्रजातीहरु

यस जिल्लामा रेडपाण्डा, चितुवा, बँदेल, थार, घोरल, भारल, कस्तुरी मृग, नाउर, रतुवा, र्याल, बाँदर, विभिन्न प्रजातीका सरिसृप प्रजातीका वन्यजन्तुहरु पाइन्छन् । रुख प्रजातीका वनस्पतीहरुमा प्राकृतिक रुपमा भोटे सल्लो, गोभ्रे सल्लो, उत्तिस, पाङ्गर, काफल, दुनि, लाली गुर्सु, बाँझु, फल्लाट, खस्रु, भोजपतर, आदि रहेका छन् भने अन्य जडिबुटी तथा गैरकाठ वनस्पतीहरुमा रिठा, अमला, लौठ सल्ला, काउलो, दालचिनी, टिमुर, चिराइतो, चिउरी, गुर्जो, चुकु, लोकटा, अल्ली, सतुवा, पदमचाल, यार्सागुम्बा, पाँचऔंले, गुच्चीच्याउ, बोखो, बेल, सिलाजीत, सर्पगन्धा, कालादाना, भोजपतर, भुईचुक, डोलेचुक, मुढो, सोमलता, सिङ्नु, हर्रो, वराँ, भ्याकुर, ओखर, कुट्की, सुनाखरी, वनलसुन, अमला, साधारण रातोच्याउ, साताठोके, भुतकेस, बिष्मा, समायो, पापणद्वा, कुरिलो, भ्याउ, सुगन्धवाल, निगालो, बज्रदन्ती, घोट्टो, बिषजरा, कुट्की, जटामसी, चिरोला, धतुरो आदि रहेका छन् ।

## १.८ जियोलोजी

महाभारत पर्वतशृङ्ख हिमाली भू-भाग सम्म फैलिएको यस जिल्लामा आन्तरिक र पर्खाल चट्टानहरु पाइन्छन् । त्यस्तै जिल्लाको उत्तरी भागको क्षेत्रहरुमा फलाम, तामा, सिलिकन र चुनढुंगा आदिका खानीहरु रहेको बताईन्छ । भौगोलिक विशेषताहरुको कारण यस जिल्लामा विभिन्न प्रकारको माटो पाइन्छ । यस जिल्लाको अधिकांश भूभागमा Lithic subgroup समूहको माटो पाइन्छ । यसले करिब ४३ प्रतिशत क्षेत्र ओगटेको छ । यो कडा चट्टानयुक्त माटो हो । जिल्लामा माटोको अधिकांश भाग गेग्रापूर्ण, पाङ्गो र बलो माटो रहेको छ ।

## १.९ जलवायु

भौगोलिक विविधताको कारण यहाँको जलवायुमै पनि विविधता पाइन्छ । यहाँ खास गरी उष्ण, समशीतोष्ण र शीतोष्ण हावापानी पाइन्छ । समुद्र सतह देखि ३५० मि. देखि ३५४५ मि. सम्मको उचाइमा अवस्थित यो जिल्लाको औसतमा अधिकतम तापक्रम २९ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ६ डिग्री सेल्सियस रहने गर्छ । तर हिमाली र तराईमा गर्मीको तापक्रम प्राय ० डिग्री भन्दा कम हुने देखिन्छ । जाडो समयमा उच्च क्षेत्रमा हिउँ पर्दछ । यस जिल्लामा आषाढ, श्रावण र भाद्रमा बढी वर्षा हुने गर्दछ । यहाँको औसत वार्षिक न्यूनतम ११०० मि.मि. देखि अधिकतम २४०० मि.मि. सम्म पाइएको छ ।

## १.१० जल सम्पदा

जिल्लाको ४८.२३ प्रतिशत भूमिमा ५० से.मी. भन्दा कम गहिराइ देखि अधबच चुरानको तहसम्म र १२.७७ प्रतिशत भूमिमा ५० से.मी. भन्दा बढी गहिराइदेखि अधबच चुरानको तहसम्म भूमिगत पानीको तह रहेको छ । तल्लो मध्यम भागमा २० से.मी. बढी गहिराइ देखि अधबच चुरानको तहसम्म भूमिगत पानी पाइन्छ ।

यस जिल्लाको नदीवाह प्रणाली सानीभेरी, तुकुचे खोला, पेल्मा खोला, सिस्ने खोला जस्ता प्रमुख जलाधार क्षेत्रहरु पर्दछन् । सानीभेरी जिल्लाको करिब बीचभाग भए पूर्वबाट पश्चिम तर्फ बगेर गएको छ । जिल्लाको अधिकांश भू-भाग तारा भएरको जलाधार क्षेत्रमा नै पर्दछ । जिल्लाको पश्चिमी र उत्तरी क्षेत्रको नदीवाह भने सानीभेरीको जलाधार क्षेत्र पर्दछ भने पूर्वी क्षेत्र तर्फ तुकुचे खोलाको जलाधार क्षेत्र पर्दछ ।

यसले तुकुचे (पूर्व) जिल्लाका विभिन्न भागहरुमा सिंचाई सुविधा उपलब्ध गराउनुका साथै जल विद्युत् विकासको लागि समेत प्रशस्त सम्भावना रहेकोछ साथै ती नदी किनारामा भएको तट तथा केही समथर भू-भाग मानव

बस्तीहरुको विकासको लागि थप अवसरहरु उपलब्ध गराएकोछ । त्यस्तै सानीभेरीको नदी किनाराका विभिन्न स्थानहरुमा तापीयपानीका मुहानहरु (हट स्प्रिङ) रहेका छन् । यसले जिल्लामा पर्यटकीय विकासको सम्भावनालाई समेत बढाएको छ ।

सानीभेरीका सहायक खोलाहरु

| | | | |
|---|---|---|---|
| सिस्ने खोला | पेल्मा खोला | रम्मा खोला | खोप्रियार खोला |
| मैकोट गाड | उत्तरगंगा | कोर्जोखोला | तुकुचे खोला |
| रुकुमगाड | महत खोला | नासीभाङ खोला | चुनगाउँ खोला |

**श्रोत:** जिल्ला समन्वय समिति, रुकुम २०७६

कमलदह, त्रिशूल दह, सुन दह, पुतला दह, सम्घे दह, गुस दह, वराह क्षेत्रजस्ता पर्यटकीय दृष्टिकोणले समेत महत्त्वपूर्ण गन्तब्यको तहहर पनि यहाँको समृद्ध पारिस्थितिकी प्रणाली तथा जलस्रोतका आधारहरु हुन् । यसको विशेष फटन (स्यालाफाट), घुन्के फटन (मोरावाङ), गुवा फटन (सानीभेरी), पञ्चवाट फटन, बक्माङ फटन (आठविसकोट) जस्ता प्रमुख फटनहर पनि जिल्लाको जल स्रोतको रुपमा रहेका छन् ।

## १.११ धार्मिक तथा पर्यटकीय महत्वका सम्पदाहरु

यो जिल्ला धार्मिक महत्वका सम्पदाहरुमा धनी मानिन्छ । यहाँका प्रमुख धार्मिक स्थलहरुमा वराह मन्दिर र शिवजी मन्दिर (रुकुमकोट), मष्टस्थान (मैकोट), देउराली मन्दिर (स्यालापाखा), दाहेगट/शिद्ध देवता मन्दिर (खाडा) आदि पर्दछन् ।

यो जिल्ला पर्यटकीय सम्पदाहरुमा पनि त्यतिकै महत्वपूर्ण मानिन्छ । यहाँका प्रमुख पर्यटकीय स्थलहरुमा सिस्ने हिमाल, पुथा हिमाल, कमल दह, पुपाल दह, सुन दह, देउराली गुफा, तकसेरा गाउँ, लुकुम गाउँ, राङसी गाउँ, कोल गाउँ, हुकाम गाउँ, मैकोट गाउँ, सिमा गाउँका मगर बस्तीहरु, रुकुमकोट बस्ती, भेरेपाटन शिकार आरक्ष आदि रहेका छन् । त्यस्तै अन्य पर्यटकीय स्थलहरुमा हुकामको लेक, लालपाटान, चित्र पाटन, प्रमाल लेक, भारमारे लेक, देउराली गुफा (रुकुमकोट) रहेका छन् । साथै यस जिल्लाको सांस्कृतिक पर्यटनमा भुमे नाच, भोक्यो नाच, पैंसेरा नाच, झाँक्रिली, सिङारो, मयुर, टप्पा, सौरठी आदि नाचहरु रहेका छन् । बल पुजारी, शंख पुजारी मेला, पानीगौ मेला, नाघीझो मेला, कुनाखोचे मेला, चैते दसैं मेला लगायतका विभिन्न स्थानिय मेला तथा चाडपर्व पनि यस जिल्लाको सांस्कृतिक पर्यटनका क्षेत्रहरु हुन् ।

## १.१२ मुख्य पेशा

यस जिल्लाको मुख्य पेशा कृषि हो जस अन्तर्गत खाद्यान्न उत्पादन, पशुपालन, फलफुल खेती, तरकारी खेती रहेको छ । अन्यमा नोकरि, व्यापार, उद्योग तथा ज्यालादारी पर्दछन् ।

## १.१३ कृषि तथा पशुपालन

यस जिल्लाको कुल ११२९३२ हेक्टर जमिन मध्ये २०२५६ हेक्टर (१७.९५ प्रतिशत) खेती योग्य जमिन

भएको अवस्थमा छ । यहाँका अधिकांश मानिसहरु कृषि पेशामा संलग्न छन् । यहाँ उत्पादन हुने कृषि उपजहरु निम्नानुसार छन्:

**फलफुलः** कागती, स्याउ, स्याउ, जुनार, केरा, नासपाती, अम्वा र आँपजस्ता आदि ।

**खाद्यबालीः** धान, गहुँ, जौ, उवा, मकै, कोदो, भटमास, मास, फापर, मसुरो, तोरी, आलु, अदुवा, बैंसार, खुर्सानी, लसुन, काउली, गोलभेंडा ओखर, टिमुर लगायतका अन्य बाली आदि ।

**पशुपालनः** यहाँ प्रायः स्थानिय पशुपंक्षी पालन गरिन्छ । पशुहरुमा प्रमुख रुपमा गाई, भैंसी, राँगो, बाख्रा, भेंडा, सुंगुर, बंगुर, कुकुरा आदि पालिने गरिन्छ ।

## १.१४ शैक्षिक विवरण

रुकुम जिल्ला पूर्ण साक्षर भइसकेको छैन । साक्षरता प्रतिशत कुल ६२.०९ रहेकोमा पुरुष ७१.२३ प्रतिशत र महिला साक्षरता दर ५४ प्रतिशत मात्र रहेको छ । यस जिल्लामा ९ क्याम्पस, २३ माध्यमिक विद्यालय, १२ आधारभूत विद्यालय, ८८ बालविकास केन्द्र, १२ सामुदायिक सिकाई केन्द्र र ३ संस्थागत विद्यालय रहेका छन् ।

## १.१५ स्वास्थ्य सेवा

जिल्लामा सरकारी, निजि र सामुदायिक स्तरबाट स्वास्थ्य सेवा उपलब्ध हुँदै आएको छ । सरकारी स्तरबाट जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, स्वास्थ्य चौकीहरुबाट सेवा प्रदान हुँदै आएको छ । निजि स्तरबाट करिब २ दर्जन निजी औषधालय तथा पसलहरुले यस जिल्लामा स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्दै आएका छन् ।

गरेका छन् । जिल्लामा रहेका १९ वटा सरकारी स्वास्थ्य संस्थाहरु लगायत निजी तवरबाट संचालन भएका स्वास्थ्य संस्थाहरुले यस क्षेत्रमा सेवा दिइरहेको भएता पनि स्वास्थ्यको दृष्टिकोणले रुकुमको अवस्था सन्तोषजनक मान्न सकिंदैन । यस जिल्ल मा १ वटा जन स्वास्थ्य कार्यालय, १ वटा जिल्ला अस्पताल, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, १६ वटा स्वास्थ्य चौकी र करिब २३ वटा निजी औषधालय तथा पसलहरू रहेका छन ।

## १.१६ प्रमुख बजार केन्द्र

यहाँका प्रमुख बजारहरुमध्ये रुकुमकोट, नाइगाड, खाराबाङ, खावाङबगर, कांकी, लुकुम, भल्का, तकसेरा, हुकाम, मैकोट, पुइमा, महत, चुनगाउँ, मझाट आदि हुन् ।

### १.१७ सडक तथा यातायात

आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक आधारभूत पूर्वाधार सडक यातायातको सेवा भन्दा कम छविनको माध्यम हो । तर रुकुम पूर्व जिल्लामा अहिले सम्म सडक यातायातको अवस्था कमजोर छ । यद्यपि डाङ घोराही देखि डोल्पा जोड्ने शहीद मार्गले उत्तर दक्षिणलाई जोड्दछ । यस्तै गरी मुसिकोट देखि बुटवलतिर बाङ्गुङ हुँदैतिन मध्यवर्ती राजमार्गले पोखरा, काठमाण्डौ र बुटवलसम्मको यातायातले सहज पहुँचमा पुर्याएको छ, साथै अन्य छिमेकी जिल्लाहरु बीच मोटरबाटोको सुविधा बढेको छ । चुनगाढ रुकुमकोटदेखि सिस्ने सडक, हुकाम नाइगाड सडक र अन्य जिल्ला सदरमुकामहरुलाई जोड्ने सडक यातायातको सञ्जाल बन्दैछ जसले सरकारी नीति अनुसार पनि जिल्ला सदरमुकाम जोड्ने यी सडकको निर्माण कार्य अगाडि बढ्दोछ र यसको प्रमुख लक्ष्य भनेको गरिबी निवारण तथा दिगो विकास गर्न श्रम र साधनको समुचित परिचालन मार्फत विकासको प्रतिफलको न्यायोचित वितरण हो ।

### १.१८ हवाई यातायात

यस जिल्लामा हवाई मैदानहरु रहेका छैनन् । नजिकको हवाई मैदान रुकुम पश्चिम जिल्लाको सदरमुकाम खलंगामा रहेको छ । उक्त हवाई मैदानबाट काठमान्डौ र नेपालगञ्ज उडान हुँदै आएको छ भने अर्को हवाई मैदान जोरशिलामा रहेको छ, उक्त हवाई मैदान हाल स्तरोन्नती गरिँदै रहेको यहाँबाट जानकारी हुन्छ ।

### १.१९ हुलाक तथा सञ्चार

ईलाका हुलाक : ३     अतिरिक्त हुलाक : १०     ए.डि.एस.एल. सेवा : २४

नमस्ते मोबाइल सेवा : ३३०० सी.डी.एम.ए सेवा : १४५४

**दुरसञ्चार सेवा :** यहाँ जिल्लामा दुरसञ्चार कार्यालय स्थापना भई सञ्चार सेवामा टेलिफोन तथा नेपाल टेलिकम, सि.डि.एम.ए., फाईवर नेट, एन सेल र हेलो नेपालका मोबाइल सेवाहरु उपलब्ध छन् ।

**रेडियो टेलिभिजन तथा पत्रपत्रिका :** यस जिल्लाबाट पत्रपत्रिकाहरु प्रकाशन भएको पाईंदैन । काठमाण्डौं तथा दाङबाट प्रकाशित केही राष्ट्रिय दैनिक, साप्ताहिक तथा दैनिक पत्रपत्रिकाहरु पनि आउने गरेका छन् । हाल केवल नेटवर्क मार्फत नेपाल तथा अन्य राष्ट्रहरुद्वारा प्रसारण हुने च्यानल सुविधाहरु पनि उपलब्ध छन् । त्यस्तै स्थानीय स्तरमा रेडियो पूर्व रुकुम एफ.एम., रुक्मीली एफ.एम. मार्फत पनि विभिन्न कार्यक्रमहरुको प्रसारण हुने गरेको छ ।

### १.२० विद्युत सेवा तथा ऊर्जा

यस जिल्ला भित्र नै विद्युत उत्पादन भई प्रसारण भएको पाइन्छ । हालसालै यस जिल्लामा केन्द्रिय प्रसारण विद्युत समेत सुरु भएको अवस्था रहेको छ । विद्युत उत्पादन तथा प्रसारण सम्बन्धि विवरण तल प्रस्तुत गरिएको छ :

- कुल विद्युत उत्पादन : १२१० कि.वा., साना तथा लघु विद्युत उत्पादन संख्या : २७
- परम्परागत घट्ट संख्या : १२७, सुधारीएको घट्ट संख्या : ९
- सुधारीएको चुलो संख्या : १३८६

## १.२१ बैंक तथा वित्तीय सेवा

वित्तीय संस्थाहरुः

- ने. बै. रुकुमकोट शाखा, राष्ट्रिय वाणिज्य बैंक, प्रभु बैंक, म.बि. सि. एशिया बैंक, डिजो बचत तथा ऋण सहकारी संस्था, लक्ष्मी लघु वित्त वित्तीय संस्था, स्वदेशी वित्तीय संस्था, मिरमिरे लघु वित्त वित्तीय संस्था, रुकुमणी बचत तथा ऋण सहकारी संस्था, डिजीप्रेमस लघु वित्त वित्तीय संस्था, स्वदेशी लघु वित्त सहकारी संस्था, जनसेवी लघु वित्त वित्तीय संस्था ।

## १.२२ वन उत्पादनमा आधारित उद्योग व्यवसाय

रुकुम पूर्व जिल्ला भौगोलिक हिसाबले दुर्गम जिल्ला भएको कारण वन पैदावर संकलन तथा दुबानी गर्न कठिनाई र खर्चिलो भएको हुँदा वन पैदावरमा आधारित उद्योग व्यवसायहरु फस्टाउन सकेका छैनन्। हाल रुकुमको खारा मुषिकोट देखि रुकुमकोट हुँदै लुकुम सम्मको मध्य पहाडी बाटोको सुविधा, महत देखि तकसेरा पिपलडुङ्गा नयाँबजार सम्म मोटरबाटोको सुविधा भएको हुँदा पहिलेको तुलनामा वन पैदावरमा आधारित उद्योगहरुको संख्यामा वृद्धि हुने अपेक्षा गरिएको छ।

रुकुम (पूर्व) जिल्लामा वन पैदावर उद्योगहरुमा बढी मात्रा काठमा आधारित फर्निचर तथा काठ उद्योगहरु बढि रहेका छन् र तिनिहरु प्राय जसो घरेलुस्तरमा सिमित रहेका छन्। तर थोकमा वन पैदावारमा आधारित उद्योगहरु कम मात्रामा रहेका र तिनिहरु केहीपनि समयको लागि मात्र सञ्चालनमा रहने र पछि विविध कारणले गर्दा बन्द हुने गरेको पाइन्छ।

घरेलु तथा साना उद्योग विकास समिति रुकुम (पूर्व) को रेकर्ड अनुसार हाल सम्म यस जिल्लामा हाल सम्म ५ वटा फर्निचर तथा काठ उद्योग, ४ वटा नेपाली कागज उद्योग, ४ वटा नर्सरी उद्योग र ११ वटा अन्नल, ५ वटा भिमल प्रशोधन तथा कपडा तथा साबुन उद्योग र २ वटा दर्ता भएका छन् ।

## २. डिभिजन वन कार्यालय रूकुम (पूर्वी भाग) को संक्षिप्त परिचय

वि.स. २०४० साल अघि सत्यान वन डिभिजन कार्यालय अन्तर्गत मुषिकोट रेञ्ज कार्यालयले यस जिल्लामा वन संरक्षण तथा विकास सम्बन्धि काम कारवाही गरिरहेकामा २०४० सालमा गरिएको संगठनात्मक परिवर्तन पश्चात् रुकुम जिल्ला वन कार्यालयको स्थापन भएको हो । पुनः वि.स. २०७० सालमा वन विभागको संगठनमा गरिएको परिवर्तन अनुसार यो जिल्ला “ङ” वर्गमा राखिएको थियो जस अन्तर्गत ५ वटा ईलाका वन कार्यालयहरु रहेका थिए भने हाल साविकको रुकुम जिल्ला दुई भागमा विभाजन भई रुकुम (पूर्व) जिल्ला कार्यक्षेत्र रहेको यो कार्यालय वि.स. २०७५ साल पश्चात प्रदेश सरकार अन्तर्गत रुकुम (पूर्व) जिल्लाको डिभिजन वन कार्यालयको रुपमा स्थापना भई कार्यसञ्चालनमा रहेको छ । हाल यस डिभिजन वन कार्यालय अन्तर्गत ४ वटा सब डिभिजन वन कार्यालय रकेकामा स्वीकृत दरबन्दी अनुसार कर्मचारीको संख्या ३५ जना रहेको छ ।

### २.१ कार्यालयको उद्देश्य

डिभिजन वन कार्यालयका मूलभूत उद्देश्यहरु देहाय बमोजिम छन ।

- ❖ डिभिजनको क्षेत्रभित्रको राष्ट्रिय वनको संरक्षण, सम्वर्धन तथा सदुपयोग गर्ने ।
- ❖ डिभिजन स्तरीय संघीय र प्रदेश सरकारका वनसंग सम्बन्धित ऐन, नियम तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- ❖ प्रचलित ऐन, नियम र नीति अनुसार सम्भाव्य सामुदायिक तथा कबुलियती वन क्षेत्रहरुको पहिचान, विकास एवं व्यवस्थापन गर्ने ।
- ❖ डिभिजन स्तरिय वन विकास कार्यमा जनसहभागिता परिचालन गर्दै वन निकायबाट जनतालाई प्रवाह गर्नुपर्ने सेवा सुविधा चुस्त, दुरुस्त, प्रभावकारी वन प्रशासनबनाई कायम गर्ने ।
- ❖ डिभिजनको क्षेत्रमा नीजि वन र कृषि वन प्रणालीको विकास विस्तार गर्ने एवं आवश्यक सिप, ज्ञान र प्रविधी हस्तान्तरण गर्ने ।
- ❖ जिल्लाको स्वीकृत पञ्चवर्षिय योजना अनुसार वन संरक्षण, वनको ब्यवस्थापन तथा सदुपयोग गर्ने ।
- ❖ जडिबुटीको संकलन पूर्जी र निकासी पूर्जी दिनुका साथै यस जिल्लामा पाईने जडिबुटीको संरक्षण र दिगो उपयोगका लागी नीति तथा कार्यक्रम बनाउने ।
- ❖ डिभिजन स्तरिय सरकारी तथा स्थानीय निकाय र गैरसरकारी संघसंस्थाहरु, स्थानीयतहहरुसंग समन्वय विस्तार गरी वन विकास एवं व्यवस्थापन कार्यहरु संचालन गर्ने ।
- ❖ डिभिजनमा संचालित वन विकास कार्यक्रमको प्रगती बिबरणको साथै अनुगमन प्रतिवेदन प्रदेश वन निर्देशनालय, वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश र अन्य सम्वन्धित निकायहरुमा पेश गर्ने ।
- ❖ संघीय र प्रदेश सरकारले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

### २.२ कार्यालयको कार्यक्षेत्र

- ❖ वन विकास तथा व्यवस्थापन सम्बन्धि संघीय र प्रदेश सरकारका ऐन, नियम नीति र निर्देशन कार्यान्वयन गर्ने ।
- ❖ वन संरक्षण एवं सम्बर्धन सम्बन्धि ऐन, नियम र नीति तर्जुमा संशोधन र परिमार्जन गर्न वन निर्देशनालय मार्फत प्रदेश मन्त्रालय र वन तथा भू-संरक्षण विभागलाई सहयोग गर्ने ।
- ❖ डिभिजनस्तरिय वन विकास सम्बन्धि योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी अन्य सरोकारवालासंग समन्वय विस्तार गरी कार्यक्रम संचालन गर्ने ।

- नीजि वन र कृषि वनवाली विकास एवं व्यवस्थापन गर्न सरोकारवालालाई आवश्यक प्राविधिक सुझाव सल्लाह दिने
- वन व्यवस्थापन, गुणस्तरीय नर्सरी एवं विरुवा उत्पादन बृक्षारोपण, जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी जानकारी सर्वसाधारणलाई उपलव्ध गराई वन व्यवस्थापन कार्यमा जनसहभागिता परिचालन गर्ने ।
- दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी वन निर्देशनालयमा पेश गर्ने र स्वीकृत भइ आएपछि कार्यान्वयन गर्ने ।
- वन अपराधसँग सम्बन्धित अभियुक्तहरुको लागि सरल र सुविधाजनक एवं मापदण्ड अनुसारको हिरासत व्यवस्थापन गर्ने गराउने ।
- वन तथा भू-संरक्षण विभागको निर्देशन अनुसार प्रदेशमा रहने स.व.र .क्याम्पको परिचालन गर्ने गराउने ।
- कानूनमा उल्लेख भए बमोजिम वन अपराध नियन्त्रण र अर्धन्यायिक न्याय सम्पादन गर्ने गराउने ।

## २.३ कार्यालयको संगठन संरचना

डिभिजन वन कार्यालय, रूकुम (पूर्वी भाग) को संगठन संरचना निम्नानुसार रहेको छ । यस संगठनमा कर्मचारीहरुको जम्मा दरबन्दी ३५ जनाको रहेकोमा ३० जना पदपुर्ती रहेको छ ।



| पद | दरबन्दी संरचना | पदपुर्ती संख्या | कैफियत |
|---|---|---|---|
| डि.व.अ. | १ | ० | नि.डि.व.अ. |
| व.अ./ब.व.अ. | ६ | २ | |
| रेञ्जर/स.व.अ. | २ | २ | |
| ब.प्र.स./अधिकृत | १ | १ | |
| प्र.स./ब.प्र.स. | १ | १ | |
| लेखापाल/अधिकृत | १ | १ | |
| फरेष्टर | २ | २ | २ जना अध्धयन विदामा रहेका । |
| वन रक्षक | १७ | १७ | |
| ह.स.चा. | १ | १ | करारमा |
| चौकिदार | १ | १ | करारमा |
| का.स. | २ | २ | करारमा |
| जम्मा | ३५ | ३० | |

यस कार्यालय मातहतमा रहेका ४ वटा सब डिभिजन वन कार्यालयहरुको नामावली र कार्यक्षेत्रको विवरण यस प्रकार रहेको छ ।



| क्र.स. | सब डि.व.का.को नाम | कार्यालय रहेको स्थान | साविकका गा.वि.स.हरू | हालको संरचना अनुसारको कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | सिस्ने | सिस्ने गा.पा. ५, रूकुमकोट | रूकुमकोट, पोखरा, प्वाङ् | सिस्ने गा.पा. का सम्पूर्व वडाहरू |
| २ | भूमे | भूमे गा.पा. २, खाबाङ्गबगर | काँडा, काँक्री, मोराबाङ्ग, महत र चुनवाङ्ग | भूमे गा.पा. का सम्पूर्ण वडाहरू |
| ३ | कोल | पुथा उत्तरगंगा गा.पा. १०, टकसेरा | टकसेरा, कोल, राङ्गसी, जाङ | पुथा उत्तरगंगा गा.पा. का ६ देखी १४ नं. सम्मका वडाहरू |
| ४ | हुकाम मैकोट | पुथा उत्तरगंगा गा.पा. ५, रिसल्ला | हुकाम, रन्मामैकोट | पुथा उत्तरगंगा गा.पा. का १ देखी ५ नं. सम्मका वडाहरू |

## २.४ वन कार्यालयको भौतिक पूर्वाधार

यस डिभिजन वन कार्यालयको आफ्नै भवन नहुँदा हाल सिस्ने गाउँपालिका वडा नं. ५, ताकुरा स्थित भाडाको भवनमा कार्यालय संचालन भई रहेको छ । त्यसै गरी अन्तर्गत रहेका सब-डिभिजन वन कार्यालयका भवनहरु पनि अधिकांश भाडामा संचालनमा रहेका छन् । विगतको सशस्त्र द्वन्द्वको समयमा आगजनी भई कार्यालय भवनहरु नष्ट भएका छन्। जग्गाको हकमा साविकको रुकुमकोट गा.वि.स. वडा नं. ७, हालको सिस्ने गाउँपालिकाको वडा नं. ५ को कि.नं. १४५१ (क्षेत्रफल ०.७५ वर्ग मिटर), साविकको जिल्ला वन कार्यालय अन्तर्गत रुकुमकोट स्थित रुकुमकोट रे.पो.को भवन हाल क्षतिग्रस्त भवनावशेषको रुपमा रहेको र उक्त स्थानमा जिल्ला स्तरीय नर्सरी संचालनमा रहेको छ ।

डिभिजन वन कार्यालय, रुकुम पूर्व अन्तर्गतका भवनहरुको स्थिति यस प्रकार रहेको छ।

कार्यालयको भौतिक पूर्वाधार

| सि.नं. | विवरण | भवनको अवस्था | कार्यालय संचालनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | डिभिजन वन कार्यालय | भवन नभएको | हाल भाडामा रुकुमकोटमा कार्यालय संचालनमा रहेको | आफ्नै नाममा जमिन रहेको, भवन निर्माण हुनुपर्ने। |
| २ | डि.अ. अ. आवास | भवन नभएको | हाल भाडामा रुकुमकोटमा कार्यालय संचालनमा रहेको | भवन निर्माण हुनुपर्ने। |
| ३ | सिस्ने सब डिभिजन | भवन नभएको | हाल भाडामा रुकुमकोटमा कार्यालय संचालनमा रहेको | भवन निर्माण हुनुपर्ने। |
| ४ | भूमे सब डिभिजन | भवन नभएको | भाडामा लिने प्रक्रियामा सन्चालन गर्नुपर्ने अवस्था रहेको। | भवन निर्माण हुनुपर्ने। |
| ५ | कोल सब डिभिजन | भवन नभएको | भाडामा लिने प्रक्रियामा सन्चालन गर्नुपर्ने अवस्था रहेको। | भवन निर्माण हुनुपर्ने। |
| ६ | हुकाम मैकोट सब डिभिजन | भवन नभएको | पूरानो जर्जरिएको अवस्था भवनमा | |

## २.५ डिभिजन वन कार्यालयबाट प्रदान गरिने मुख्य मुख्य सेवाहरू

- वन संरक्षण, सम्बर्द्धन र विकास सम्बन्धी परामर्श
- सामुदायिक वन, कृत्रिम वन, धार्मिक वन उपभोक्ता समूह दर्ता तथा नवीकरण
- सामुदायिक वन, कृत्रिम वन, धार्मिक वन हस्तान्तरण
- निजी वन तथा सघं/संस्थाका विभिन्न किसिमका वन, कृषि वन, वन तथा वागवानी सम्बन्धी प्राविधिक र अन्य सहयोग
- वन पैदावार बिक्री वितरणमा प्राविधिक तथा कानुनी सहयोग
- स.उ.स., क.उ.स., धार्मिक वन उपभोक्ता समूहहरूलाई प्राविधिक सेवा प्रदान
- जनचेतनामूलक कार्यक्रम तथा विभिन्न तालिम गोष्ठी संचालन
- जलवायु परिवर्तन अनुकूलन योजना तयारी तथा कार्यान्वयनका लागि सहयोग
- बिर्क्ष उत्पादन तथा खरिद र वितरण
- बिर्क्ष उत्पादन, वृक्षारोपण, लघु उच्च विकास तथा आयमुख कार्यक्रमहरूमा अनुदान सहयोग
- घरेलु तथा बैदेशिक रोजगार पिडितका लागि काठ सहयोग
- वन पैदावारको अनुज्ञापत्र तथा राजश्व संकलन
- सामुदायिक वन कार्ययोजनामा क्रियाशील वन कार्ययोजना पुनरावलोकन
- जडिबुटी विकास उत्पादन तथा खेतीका लागि निजी व्यक्ति तथा समूह, संघ संस्थालाई सहयोग
- जडिबुटीको बिउ व्यवसाय
- फरेष्ट क्षेत्रमा जडिबुटी खेती विस्तार
- स.उ.स., क.उ.स., धार्मिक वन उपभोक्ता समूहको अनुगमन तथा निरीक्षण
- वनको संरक्षण, सम्बर्द्धन र उपयोगमा सम्बन्धी विभिन्न क्रियाकलापहरू संचालन

## २.६ वन अतिक्रमणको अवस्था र अतिक्रमण नियन्त्रण सम्बन्धी भावी योजना

सिमाना मिल्ने, आफ्नो नाममा दर्ता गराउने, अन्य प्रयोगका लागि बनको भूमाफु कूनै संघ संस्थाका नाममा लिई खोजजाँचबाट वनको अतिक्रमण हुने गर्दछ । यस अतिक्रमण बनलाई बनको रुपमा राखी अतिक्रमण गर्नेहरूलाई पत्रका गरि तिनिहरुलाई वन ऐन नियम अनुसार कारवाही गर्नु पर्ने हुन्छ । त्यस्तै सिमाना मिल्ने तथा दर्ता गराउने कामबाट अतिक्रमण हुने गरेको प्रायः कमी व्याजन वन सिमांकन कार्यहरूलाई नियमितता दिनुपर्ने देखिन्छ ।

